(प्रतिलिपी)

## मिति २०७८ जेठ ३१ गतेको ६२ औं कार्यपालिका बैठकका निर्णयहरु :

प्रस्तावहरु :

१. नवौं नगर सभा सम्बन्धमा ।

२. आर्थिक वर्ष २०७८को नीति तथा कार्यक्रमको मस्यौदा सम्बन्धमा । ०७९/

३. आर्थिक वर्ष २०७८को आर्थिक विधेयकको मस्यौदा सम्बन्धमा । ०७९/

४. आर्थिक वर्ष २०७७को संशोधन विधेयकको मस्यौदा सम्बन्धमा । ०७८/

५. आर्थिक वर्ष २०७८ को विनियोजन विधेयकको मस्यौदा ०७९/सम्बन्धमा ।

६. सुरक्षित नागरिक आवासको लाभग्राही छनौट सम्बन्धमा ।

७. शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्यविधिको मस्यौदा सम्बन्धमा ।

निर्णयहरु,

१. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १९ को उपदफा (२) बमोजिम नगर प्रमुखको सिफारिसमा नगर सभाको बैठक बस्ने प्रावधान अनुसार बडीमालिका नगरपालिका नवौं नगर सभाको बैठक मिति २०७८ असार ७ गते सोमवारका दिन अनलाइन मार्फत सञ्चालन गर्ने निर्णय गरियो ।

२. विभिन्न सरोकारवाला पक्षहरु, विषयविज्ञ लगायत सम्वन्धित पक्षहरुसग छलफल गरी आगामी आर्थिक वर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रमको अन्तिम मस्यौदा तर्जुमा गरी आगामी कार्यपालिका बैठकमा स्वीकृतिका लागि पेश गर्न देहाय बमोजिमको ५ सदस्यीय मस्यौदा कार्यदल गठन गर्ने निर्णय ।

संयोजक : श्री कविता विष्ट
सदस्य: श्री धर्मराज पाध्याय
सदस्य: श्री बलबहादुर थापा
सदस्य: श्री डम्मर बहादुर महत
सदस्य : श्री कला बडुवाल
सदस्य : श्री कर्ण बहादुर बोगटी
सदस्य : श्री हर्क बहादुर वि.क.
सदस्य सचिव : श्री वीरबहादुर विष्ट

३. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ बमोजिम गठित राजश्व परामर्श समितिको प्रस्तावित आर्थिक वर्ष २०७८/०७९ को आर्थिक विधेयक सुझावका लागि अध्ययन गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने ।

४. आर्थिक वर्ष २०७७/०७८ को संशोधन विधेयक स्वीकृत गरी सभामा पेश गर्ने निर्णय ।

२०७८/३/३१
प्रशासकीय अधिकृत

५. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०७८/०७९ को विनियोजन विधेयकको अन्तिम मस्यौदा तयार गरी आगामी कार्यपालिका बैठकमा स्वीकृतका लागि पेश पेश गर्ने ।

६. आर्थिक वर्ष २०७७/०७८ का लागि सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि अनुसार निम्न गरिव परिवारका देहायका ८८ जनालाई सिफारिस गर्ने र बाँकी रहेका १३ जनालाई नगरपालिकाबाट सोही बरावरको रकम अनुदान स्वरुप उपलब्ध गराउने ।

७. नेपाल सरकारबाट उपलब्ध गराइएको विभिन्न तहका शिक्षक दरबन्दी तथा राहत अनुदान कोटाका शिक्षकको विद्यालयगत दरबन्दी मिलानका लागि तर्जुमा गरिएको शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७८ का विषयमा आवश्यक सुझाव सल्लाह सहित आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय ।

**कार्यपालिका बैठकमा पेश भएका अन्य विषयहरु :**

क) मनसुनजन्य विपद प्रभावित नीजि आवास पूनर्निमाण तथा पुनर्स्थापनाका लागि लाभग्राही छनौटका लागि गठित कार्यदलको प्रतिवेदन सम्बन्धमा ।

ख) न्यायिक समितिको आर्थिक वर्ष २०७७/०७८ को प्रतिवेदन सम्बन्धमा ।

ग) घ वर्गको इजाजत सम्बन्धमा ।

घ) थैली अङ्क कायम गर्नुपर्ने

ङ) उपभोक्ता समितिको म्याद थप सम्बन्धमा ।

च) कार्यविधि सम्बन्धमा ।

**निर्णयहरु :**

क) मनसुनजन्य विपदबाट प्रभावित लाभग्राही स्थलगत जाँचबुझ समितिको प्रतिवेदन अनुसार ४२ जना कायम गरी जिल्ला प्रशासन कार्यालयलाई लेखि पठाउने र पालिकाले व्यहोर्नु पर्ने दायित्व न्यून आन्तरिक आय रहेकोले दायित्वका विषयमा आवश्यक हेरफेरका लागि संघीय सरकारलाई अनुरोध गर्ने ।

ख) आर्थिक वर्ष २०७७/०७८ को न्यायिक समितिको प्रगती प्रतिवेदन सभामा पेश गर्ने निर्णय गरियो ।

प्रतिलिपी

२०७८।७।२९

प्रमुख प्रशासकीय अधिकृत

ग) घ वर्गको इजाजत न्यूनतम प्राविधिक योग्यता पुगेका फर्मलाई नियमानुसार निर्माण व्यवसासी इजाजत प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल :**

| सि.नं. | व्यवसायीको नाम | प्रोपराइटर | ठेगाना | कै. |
|---|---|---|---|---|
| १ | जयगढी कन्स्ट्रक्सन एण्ड ढुवानी सेवा | धर्मबहादुर सुनार | बडीमालिका ९ बाजुरा | |
| २ | सागर कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स | हरेन्द्र बडुवाल | बडीमालिका ८ बाजुरा | |
| ३ | ओम शान्ति निर्माण सेवा | तिलक पुरी | बडीमालिका ९ बाजुरा | |

घ) बडीमालिका नगरपालिका क्षेत्रमा जग्गा रजिष्ट्रेशन हुने लिखित थैलि अङ्क कायम गर्ने प्रयोजनका लागि साविकको दर मार्तडी बजार क्षेत्रमा १५ प्रतिशत र अन्यको हकमा १० प्रतिशत वृद्धी गरी सिफारिस गर्ने निर्णय गरियो ।

ङ) उपभोक्ता समितिको म्याद थपका लागि अनुरोध भई आएकोले साविक म्याद समाप्त भएको मितिले वडा कार्यालयको सिफारिसमा बढीमा २०७८ असार १५ गतेसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

च) बडीमालिका नगरपालिकाका देहायका कार्यविधिहरुको अन्तिम मस्यौदा तर्जुमा गरी आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

१. बडीमालिका नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्यसञ्चालन कार्यविधि २०७८
२. बडीमालिका नगरपालिकाको राजश्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि २०७८
३. बडीमालिका नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि २०७८

(प्रतिलिपि)

प्रमुख प्रशासकीय अधिकृत